# पुनर्वास नगरपालिकाको

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन कार्यविधि, २०७७

कार्यपालिकाबाट पारित २०७७।०५।१४

## पुनर्वास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## पुनर्वास, कन्चनपुर
## सुदूरपश्चिम प्रदेश

पुनर्वास नगरपालिकाको "मानव वेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन कार्यविधि,२०७७"
कार्यपालिकाबाट पारित मितिः-२०७७।०५।१४

**प्रस्तावना :**
मानव बेचबिखन तथा ओसारपसार कार्य निराकरण गरी तत्सम्वन्धी क्रियाकलाप संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ बमोजिम ऐन निर्माण नभए सम्मको लागि यो कार्यविधि तयार गरिएको छ।

स्थानीय सरकार संचालान ऐन, २०७४ को दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उप समितिहरुको गठन गर्न सक्ने व्यवस्था गरे मुताबिक यस पुनर्वास नगरपालिकाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन र परिचालन) कार्यविधि २०७७ जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम “मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७” रहने छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**समितिको नामः-**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण पालिका तथा वडा स्तरीय समिति

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क) “ऐन” भन्नाले** मानव बेचबिखन तथा ओसारपसार कार्य( नियन्त्रण) ऐन, २०६४ सम्झनु पर्दछ।

(ख) “नियमावली” भन्नाले मानव बेचबिखन तथा ओसारपसार कार्य (नियन्त्रण) नियमावली, २०६५ सम्झनु पर्दछ।

(ग) “निर्देशिका”भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण निदेशिका, २०६५ सम्झनु पर्दछ।

(घ) “स्थानीय तह” भन्नाले पुनर्वास नगरपालिका सम्झनु पर्दछ।

(ङ) “वडा कार्यालय”भन्नाले पुनर्वास नगरपालिकाको वडा नं १ देखि ११ सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ।

(च) “समिति” भन्नाले मानव बेचविखन तथा ओसार पसार नियन्त्रण समिति सम्झनु पर्दछ।

(छ) “नगर स्तरीय समिति” समिति भन्नाले मानव वेचविखन तथा ओसारपसार नियन्त्रण गर्न नगरपालिकामा गठित समिति सम्झनु पर्दछ।

(ज) “वडा स्तरीय समिति” भन्नाले मानव वेचविखन तथा ओसारपसार नियन्त्रण गर्न वडामा गठित समिति सम्झनु पर्दछ।

## परिच्छेद २
## समितिको गठन प्रकियाः

**३ःमानव बेचबिखन विरूद्धको नगर स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ** ,
१ः नगरपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, नगर बाल सन्जाल, नगर बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम् सेविका तथा स्थानीय विद्यालयका शिक्षक/शिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा नगरपालिका स्तरीय भेला गर्ने । उक्त भेला नगरपालिकाको प्रमुखको अध्यक्षतामा बस्ने छ
२ः सोही भेलाले प्रतिनिधिहरूको मनोनयन गरी नगर स्तरीयं समिति गठन गर्नेछ ।

**४ः नगर स्तरीय समिति सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः**
(१)मानव बेचविखन तथा ओसारपसार कार्य (नियन्त्रण)नियमावली, २०६५ को धारा २३ र मानव बेचविखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन)निर्देशिका, २०६५ अनुसार मानव बेचविखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि पुनर्वास नगरपालिकामा देहाय बमोजिमको नगर स्तरीय समिति रहनेछ ।
तपशिल :
(१) संयोजक : नगर प्रमुख
(२) सदस्य : न्यायिक समितिको संयोजक
(३) सदस्य : प्रमुख प्रशासकीय अधिकृत
(४)सदस्य : ईलाका प्रहरी कार्यालय प्रमुख
(५)सदस्य : नगरपालिकाका सामाजिक विकास समितिका संयोजक
(६) सदस्यः नगरपालिका भित्रका विद्यालयका प्र.अ. वा निजले तोकेको शिक्षक
(७) सदस्य : संयोजक, स्थानीय बाल संजाल
(८) सदस्य : स्वास्थ्य शाखा प्रमुख
(९) सदस्य : मानव वेचविखनका विरुद्ध कार्यरत स्थानीय संघ संस्थाका प्रतिनिधि
(१०) सदस्य : प्रमुख वा प्रतिनिधि, स्थानीय पत्रकार संघ
(११) सदस्य :नगर महिला स्वास्थ्य स्वयं सेविका प्रतिनिधि १ जना
(१२) सदस्य : प्रमुख वा प्रतिनिधि , नेपाल उद्योग बाणिज्य संघ
(१३) सदस्य : शिक्षा शाखा प्रमुख
(१४) सदस्य : मानव बेचविखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरु मध्येबाट सम्वन्धित स्थानीय तहले मनोनित गरेको एक जना सदस्य
(१५) सदस्य : नगरपालिका भित्रका महिला सहकारी संस्था वा निगरानी समूहका प्रतिनिधि १ जना
(१६) सदस्य सचिवः महिला तथा बालबालिका शाखा प्रमुख

**जम्मा १६ सदस्य**

५:नगर स्तरीय समितिले कानुनी, संरचनागत, कार्यविधिगत तथा अन्य आवश्यक विषयमा प्रदेशको सामाजिक विकास मन्त्रालय, केन्द्रको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायसँग समन्वय गर्नेछ ।

## परिच्छेद ३

**नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार**

**६.: नगर स्तरीय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

- मानव बेचविखन तथा ओसारपसार विरुद्ध अभियान तथा कार्यक्रम संचालन गर्ने ।
- नगरपालिकामा मानव बेचबिखन तथा ओसारपसारसँग सम्वन्धित अभिलेख राख्ने र निरन्तर अद्यावधिक गर्ने ।
- पीडित सहायताको लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ।
- स्थानीय स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचविखन विरुद्धका कार्यक्रमहरु संचालन गर्न मानव वेचविखन विरुद्धको कोष स्थापना गर्ने ।
- मानव बेचखिन तथा ओसारपसार ऐन तथा नियमावली बमोजिम मानव बेचबिखन तथा ओसारपसार विरूद्ध रोकथाम, उद्दार, संरक्षण, पुनर्स्थापना, कानुनी सेवा र पीडित तथा प्रभावितहरुको आत्मसम्मान पुर्वक पुनर्मिलन सम्बन्धी नीति तथा कार्यक्रमहरु बनाई प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।
- उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।
- पीडित तथा प्रभावितलाई सहज र सुलभ सेवा प्रदान गर्नका लागि जिल्ला तथा स्थानीय स्तरमा रहेका सरकारी तथा गैरसरकारी निकायका सेवा प्रदायी निकायहरु संग समन्वय सहकार्य गर्ने र सिफारिस प्रणालीलाई चुस्त दुरुस्त राख्ने ।
- मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्था र निजि क्षेत्र बीच समन्वय सहकार्य गरी आयमूलक ,सिपमुलक तथा रोजगार मुलक कार्यक्रम संचालन र अनुगमन गर्ने ,
- स्थानीय स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने ।

## परिच्छेद ४

**वडा स्तरीय समिति**

**७.मानव वेचविखन विरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछः**

(१)वडाको आयोजनामा स्थानीय महिला समुह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समुह ,गाउँ/नगर बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य

स्वयंसेविका तथा स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा वडा स्तरीय भेला गर्ने, उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्नेछ ।
२.सोही भेलाले प्रतिनिधिहरुको मनोनयन गरी वडा समिति गठन गर्नेछ ।

**८ः वडा स्तरीय समिति सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेः**

१.स्थानीय सरकार संचालन ऐन,२०७४ दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिति उपसमितिहरुको गठन गर्न सक्ने व्यवस्था रहेको र मानव बेचविखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि पुनर्वास नगरपालिकाले प्रत्येक वडामा देहाय बमोजिमको वडा स्तरीय समिति गठन गर्नेछ ।

१.संयोजक - वडा अध्यक्ष
२.सदस्य - महिला प्रतिनिधि, वडा स्तरीय
३.सदस्य - सिमान्तकृत तथा दलित समुदायबाट महिला
४.सदस्य -महिला समुह/किशोरी समुह
५.सदस्य -बाल क्लब
६. सदस्य -वडा अन्तर्गतका विद्यालयका प्र.अ.वा निजले तोकेको शिक्षक
७. सदस्य -प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र
८. सदस्य -प्रहरी
(९) सदस्य -स्थानीय तहमा क्रियाशिल संघ संस्थाका प्रतिनिधि १ जना
(१०) सदस्य -मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्वन्धित स्थानीय तहले मनोनित गरेको एक जना सदस्य
११. सदस्य - वडाका स्वास्थ्य स्वयम सेविका
१२. सदस्य सचिव -वडा सचिव

**९.वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :-**

**१. मानव बेचबिखन तथा अेसारपसार नियन्त्रण वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

- सम्बन्धित **वडा**मा मानव वेचविखन तथा ओसारपसार विरुद्ध अभियान तथा कार्यक्रमहरु संचालन गर्ने ।
- आफ्नो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै पीडित सहायताको लागि आवश्यक अन्तर्निकाय तथा अन्तर्स्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ।
- स्थानीय तहमा सदस्य तथा सरोकारवालाहरु माझ मानव वेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी संचालन गर्ने

## परिच्छेद ५
## समितिको बैठक

**१०.नगर स्तरीय र वडा स्तरीय समितिको बैठक सम्बन्धी कार्यविधिः**

१. नगर स्तरीय समिति र वडा स्तरीय समितिको बैठक बार्षिक चौमासिक रुपमा न्यूनतम ३ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ

२. कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा स्थानीय समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

३. बैठकको अध्यक्षता समितिका संयोजक र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

४. बैठक सम्वन्धी अन्य कार्यविधि स्थानीय  समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५.सदस्यता थप  घट समितिको बैठकले आवश्यकता अनुसार गर्न सक्ने छ ।

६. लगातार ३ वटा बैठकमा अनुपस्थित हुने सदस्यको हकमा समितिको बैठकले आवश्यक निर्णय गरी फेरबदल वा  सदस्यता खारेज गर्न सक्ने छ ।

## परिच्छेद ६
## बजेट ब्यबस्थापन

**बजेट ब्यबस्थापनका आधारः**

(१) स्थानीय तहले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण क्रियाकलाप संचालन गर्नका लागि स्थानीय सरकारले बजेट निकासा गर्ने।

(२)अन्य सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गरी बजेट ब्यवस्थापन गर्न सकिने ।

प्रमाणिकरण मितिः-२०७७।०५।१४